# आर्थिक बर्ष २०७७।०७८ को

# बजेट बक्तव्य

गंगादेव गाउँपालिका

रोल्पा

५ नंम्बर प्रदेश

२०७७

गाउँ सभाको बैठमा मिति २०७७।०३।१० बुधवार

गाउँपालिका उपाध्यक्ष श्री रिता घर्तीले प्रस्तुत गर्नु भएको

आर्थिक बर्ष २०७७।०७८ को बजेट बक्तव्य

गंगादेव गाउँपालिका

रोल्पा

५ नंम्बर प्रदेश

२०७७

**अध्यक्ष महोदय ,**

१. नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको सँविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी गंगादेव गाउँ सरकारको तर्फबाट तेस्रो पटक आर्थिक वर्ष २०७७।७८ को गंगादेव गाउँपालिकाको बजेट प्रस्तुत गर्न गइरहेको छु । हाम्रो वर्तमान जटिल एवम चुनौती पुर्ण भएता पनि विगत गौरव पुर्ण छ र हाम्रो भविष्य उज्वल र सँभावना युक्त छ । विभिन्न काल खण्डमा नेपाली जनताले गरेका बलिदान पुर्ण जनआन्दोलन महान जनयुद्ध, मधेस आन्दोलन लगाएत अन्य सबै आन्दोलन बाट संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भइ जनताले संबैधानिक रुपमा परिवर्तनको अनुभूति गरिरहेका छन् ।

२. समाजबाद उन्मुख राज्यव्यबस्था प्राप्तिको आन्दोलनमा जीवन अर्पण गर्नुहुने ज्ञात अज्ञात महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । राज्य ब्यवस्था परिवर्तणका युद्ध र आन्दोलनमा आफ्नो शरिरका अंगहरु गुमाउनुहुने घाइते तथा अपांग योद्धाहरुको उच्च सम्मान गर्न चाहन्छु । बेपत्ता योद्धाहरुको स्मरण गर्दै सम्पुर्ण सहिद परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु । राष्ट्रियता लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पुर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित आदारभाव प्रकट गर्दै यसको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक आन्दोलन महान जनयुद्ध, मधेष आन्दोलन एवम विभिन्न कालखण्डमा भएको संघर्ष र आन्दोलनको स्मरण गर्न चाहन्छु ।

३. राजनितीक क्षेत्रमा हामिले ऐतिहासिक फड्को मारेका छौ । संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको संस्थागत विकास गर्दै दिगो शान्ति संवृद्धि र विकासको लागि जनताको घरदैलोमा राज्यको उपस्थिती देखाउदै आम जनताले राज्य भएको अनुभुति गर्दै त्यसमा गौरव गर्ने अवस्थाको सिर्जना गर्न गाउँ सरकार क्रियाशिल छ । सबै नागरिकको लागि मर्यादित काम न्युनतम खाद्य सुरक्षा, आधारभुत स्वास्थ्य, शिक्षाको सुविधा, स्वच्छ खानेपानी, सुरक्षित आवास, स्वच्छ वातावरणमा जिउन पाउने अधिकार जस्ता अत्यावश्यक आवश्यकता हरुको परिपुर्ति नै समाजबाद तर्फको यात्राको प्रस्तान विन्दु हुनेछ । राजनितिक प्रणाली प्रति नागरिकको भरोसा पुनस्र्थपित भएको छ । यो समयलाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरि जनचाहाना पुरा गर्ने अबको हाम्रो बाटो भनेको

तिव्र, दिगो, फराकिलो र समावेशी आर्थिक विकास नै हो । आत्मनिर्भर, स्वाधिन अर्थतन्त्र निर्माण गर्ने स्वस्थ प्रतिष्पर्धात्मक अर्थव्यवस्था हाम्रो प्रस्थान विन्दु हो । समाजबाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो ।

४. नेपालको संविधान संघिय सरकार, प्रदेश सरकारको निती तथा कार्यक्रम, गाउँपालिकाको निति तथा कार्यक्रम, दिगो विकासका १७ ओटा लक्ष्य, स्थानिय सरकार सञ्चान ऐन २०७४, नेपाल सरकार मन्त्री परिषद बाट पारित कार्य विस्तृतिकरण प्रतिबेदन २०७४, गाउँसभा एवम गाउँ कार्यपालिकाबाट पारित विभिन्न कानुन तथा कार्यविधीहरु गाउँपालिका बासिहरुको बास्तविक आवश्यकता र विकास प्रतिको चाहना र बजेट निर्माणको क्रममा राजनितिक दल, संघसस्था, विद्धत वर्ग र गाउँपालिका बासि दाजुभाइ, दिदि बहिनीले दिनुभएको सुझाव र सल्लाहलाई बजेट निर्माणको मार्गदर्शनको रुपमा लिएको छु ।

५. हामीले स्थानीय तहको चुनाव सम्पन्न भएर गाउँसभा गठन भए पश्चात स्थानिय सरकारको हैसियतले आर्थिक वर्ष २०७४।७५ को पहिलो बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुभव, आ.व २०७५।७६ र २०७६।७७ को तेस्रो बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुभव हासिल गरिसकेका छौं । विगतका तिता मिठा अनुभवहरुबाट पाठ सिक्दै संवृद्ध गाउँ निर्माणको लागि एकता बद्ध भएर प्रभावकारी एवम मितव्ययी पुर्ण पारदर्शिताको प्रत्याभूति आम गाउँबासिलाई दिलाउदै स्थानिय सरकार प्रति नागरिकको आशा र भरोसा जिवितै राख्न प्रभावकारी ढंगले बजेटको कार्यान्यवनमा ध्यान दिइ सुशासन युक्त प्रविधि मैत्रि गाउँपालिका निर्माण गर्नु आजको आबश्यकता हो ।

अध्यक्ष महोदय,

६. अब म यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मुलभूत चुनौतिहरु यसप्रकार उल्लेख गर्न चाहन्छु ।

**क) सिमित स्रोत साधनको कारण संघियता कार्यान्वयनमा कठिनाई**

शताब्दियौ देखि केन्द्रिकृत एकात्मक राज्य प्रणालीको अभाव भइरहेको अवस्थामा स्थानिय सरकारलाई प्राप्त संबैधानिक अधिकारको कार्यान्वयनमा स्रोत साधनको सिमितताले जनताको माग, आवश्यकता र चाहाना अनुसारका योजना तथा कार्यक्रम सम्पादन गर्न चुनौति पुर्ण छ । भौगोलिक हिसावले विकट, धेरैजसो मानब विकास सुचकांकहरु कमजोर हुनु, आन्तरिक आम्दानी तत्काल बढाउन

सक्ने अवस्था न्युन हुनु, संघिय सरकार एबम प्रदेश सरकारबाट प्राप्त अनुदान खर्चको आवश्यकताको हिसावले निकै कम हुनु जस्ता कारणले गाउपालिकाको रुपमा घोषित स्थानिय तहलाई न्युनतम पुर्वाधार सहितको वास्तविक गाउँपालिकाको रुपमा उभ्याउनु कम्ति चुनौति पुर्ण छैन ।

**ख) कार्यान्वयन क्षमता वृद्धि**

आयोजनाहरुको अपुरो तयारी, कमजोर व्यबस्थापकिय क्षमता उपभोक्ता समिति एवम निर्माण व्यबसायिको कमजोर वित्तीय र प्राविधिक क्षमता, कानुनि, नितीगत र प्रक्रियागत जटिलता, व्यबस्थित र योजनाबद्ध योजना कार्यान्वयन कार्ययोजना नहुनु औपचारिकतामा सिमीत अनुगमन तथा मुल्यांकन प्रणाली जस्ता कारणहरुले आयोजनाहरु तोकिएको समयसिमा भित्र सम्पन्न हुन नसक्ने तथा आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरुको काम गर्ने उत्साहमा कमि, प्रविधिक ज्ञानको अभाव, नतिजा प्राप्ति प्रतिको उदासिनता र समग्र मानवीय क्षमताको कमिको कारण कार्यान्वयन क्षमता कमजोर हुने देखिन्छ । तसर्थ विनियोजनमा प्रभावकारिता ल्याइ लक्ष्य बमोजिम कार्यसम्पादन तोकिएकै समयमा गर्नु चुनौतिपुर्ण देखिन्छ ।

**ग) आन्तिरिक उत्पादन र उत्पादकत्व वृद्धि**

उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुचँ वृद्धि गरि सार्वजनिक, निजी सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन गर्नु उचित बजार व्यवस्थापनका माध्यमबाट उल्पादनको आन्तिरिक तथा वाह्य बजार सुनिस्चित गर्नु पनि चुनौतिपुर्ण रहेको छ । उद्यम र उद्यमशिलता प्रबद्धन हुन नसक्नु गाउँपालिकाको पहिचान झल्कने एवम आयातलाई प्रतिष्थापन गर्न सक्ने आफ्नै विशेषताको उत्पादन हालसम्म प्रवद्धन नहुनु जस्ता कारण हरेक हिसाबले परनिर्भता बढदैजानु चुनौतिपुर्ण छ ।

**घ) औपचारिक अर्थतन्त्रको विकास**

सिमित बैंक तथा वित्तीय संस्थाहरुको कारण सबै आर्थिक कारोबारलाई औपचारिक दायरामा ल्याइ आथिक कारोबारहरु बैंकिङ प्रणालि मार्फत गर्ने सबै गाउँपालिका बासिको बैंक खाता खोल्ने अभियानलाई सार्थक बनाउनु चुनौति पुर्ण छ ।

**ङ) सार्वजनिक निर्माणको गुणस्तरियता**

निर्माण कार्यको सुक्ष्म सुपरिवेक्षण, निर्माण व्यवसायिहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जिर्न र लथालिङ्ग हुने गरेका छन् । सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरि सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गनुपर्ने,

दोहोरो तेहेरो खर्च रोक्नु पर्ने कार्य चुनौतिपुर्ण छ । गाउँपालिका भित्र सञ्चालनमा रहेका आयोजनाहरुको प्रभावकारि अनुगमन, नियमन एवम मुल्यांकन हुन नसक्दा निर्मित संरचनाको गुणस्तरियतामा प्रश्न चिन्ह लगाउनु पर्ने अवस्था छ । गुणस्तरहीन निर्माण कार्यले स्रोत साधनको दुरुपयोगलाई बढवा दिइरहेको सन्दर्भमा यसलार्य रोकी निर्माण कार्यमा गुणस्तरियता सुनिश्चित गर्नु चुनौतिपुर्ण छ ।

**(च) शासकीय क्षमता अभिवृद्धि र संस्थागत विकास**

कानुनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत शुसासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निमार्ण गर्ने कार्य चुनौतिपूर्ण छ ।

**(छ) भौगोलिक विकटता**

भौगोलिक विकटताको कारण यस गाउँपालिकाका केही वडा तथा गाउँपालिका भित्रका सरकारी तथा गैर सरकारी संस्था हरुलाई सडक संजालमा जेड्ने र सूचना तथा संचार प्रविधिको भरपर्दो व्यवस्था गर्ने कार्य चुनौतिको रुपमा रहेको छ ।

**(ज) गरिवी,अशिक्षा र पछौटेपनको अन्त्य**

प्रतिव्यक्ति आय कम हुनु, औषत आयु थोरै हुनु, साक्षरता दर न्यून रहनु, खाद्य असुरक्षा ,अन्धविश्वास , शिघ्र कुपोषण लगायतका समस्याहरुको समाधान गरी मानव विकास सूचकांकहरुलाई सकरात्मक र अपेक्षित बनाउनु चुनौतीपूर्ण छ ।

८. विधमान अवसरहरुको सदुपयोग र भुनौतीहरुको सामना गर्ने गरी आगामी आर्थिक बर्षको बजेट तयार गरेको छु। यो बजेटका उद्देश्उहरु यस प्रकार छन ः—

- गाउँपालिकालाई प्राप्त संवैधानिक अधिकारहरुको कार्यान्वयन गर्ने,
- दिगो समावेशी र उच्चदरको आर्थिक बृद्धि हासिल गर्ने,
- आर्थिक स्थायित्व कायम गर्ने तथा लगानीको वातावरण निमार्ण गर्ने
- गाउँपालिकाबाट प्रवाह हुने सेवामा आम जनताको पहुँच स्थापित गर्ने,
- आर्थिक , समाजिक विकासका संभावनाहरुको खोजी गरी कार्यान्वयनको उपयुक्त व्यवस्था मिलाउने ,

- आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गर्दै स्वच्छ , सफा,शान्त र सुशानयुक्त प्रविधिमैत्री समृद्ध गाउँ—शहरको विकास गर्ने,
- मानव अधिकारको संरक्षण र प्रवदर्धन गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी,सामाजिक सुरक्षामा आम नागरिकको सहज र सरल पहुँच स्थापित गरी समतामुलक एवं न्यायपूर्ण समाजको निमार्ण गर्ने,
- कृषीको व्यवसायिकरण,विविधिकरण,यान्त्रिकरण र आधिुनिकिकरण गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने,
- रोजगारीका व्यापक अवसरहरु सिर्जना गर्ने गरी औधोगीक विकास गर्ने गरी औधोगीक वकास गर्ने एवंम् सिपमुलक व्यवसायिक तालिम संचालन गरी बेरोजगारमुक्त गाउँपालिकाको निमार्ण गर्ने,
- बातावरणमैत्री , लैगिंकमैत्री ,अपागंमैत्री र प्राङगारिक गाउँपालिकाको निर्माण गर्ने,
- भष्ट्रचारमुक्त चुस्त र जनमुखी शासन व्यवस्था कायम गर्ने ।

९. यी उदेश्यहरुलाई पुरा गर्नका लागि आगामि आथिक वर्षका बजेटका प्राथमिकताहरु देहाय बमोजीम निर्धारण गरिएको छ ।

- स्थानिय सरकारलाई प्राप्त संबैधानिक एवम कानुनी अधिकारको कार्यान्वयनकालागि कानुनि, नितिगत एवम संस्थागत संयन्त्रहरुको विकास
- शिक्षा, स्वास्थ्य, कृषि, सडक, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, उर्जा, सुचना प्रविधि, सञ्चार, सिंचाई जस्ता क्षेत्र संग सम्बन्धि पूर्वाधारहरुको विकास,
- रोजगारीका अवसरहरुमा वृद्धि
- मानव संशाधन विकास,
- उद्यम र उद्यशिलताको विकास, कृपिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरि उत्पादन र उत्पादकत्वमा वृद्धि,
- लघु तथा साना जलविद्युत उत्पादन, प्रशारण र वितरण
- स्थानिय सडकको निर्माण वा स्तरोन्नती,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार,
- सहकारी र पर्यटन क्षेत्रको विकास,
- वन तथा भूसंरक्षण, जलबायु परिवर्तन अनुकुल जलाधार संरक्षण,
- विपद् जोखिम न्युनिकरण, जलउत्पन्न प्रकोप न्युनिकरण
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण लक्षित समूह विकास कार्यक्रम

अध्यक्ष महोदय,

१०. अब यिनै चुनौति, उदेश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामि आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**संविधानको कार्यान्वयन**

११. नेपाली जनताको बलिदानपुर्ण संघर्षबाट संविधान सभाले बनाएको संविधानले व्यबस्था गरेका मौलिक हकहरु कार्यान्वयनका लागि स्थानिय तहबाट गर्नुपर्ने कानुनी तथा नितिगत व्यवस्था गरिने छ । नेपालको संविधान र सोहि संविधान अनुसार बनेका कानुनी व्यवस्थाहरुमा स्थानिय तहलाई प्राप्त अधिकारहरुको कार्यान्वयन गरि गाउँपालिकाको सस्थागत क्षमता विकास गर्न कानून निर्माणको कार्यलाई तिव्रता दिइने छ । संविधानको मर्म विपरित नहुनेगरि गाउँपालिकाको आवश्यकता र यहाँको परिवेश अनुसार कानूनहरुको निर्माण तथा परिमार्जन गरिनेछ ।

**संघियता कार्यान्वयन**

१२..गाउँगाउँमा सिंहदरबारको अनुभूति हुने गरि स्थानिय तहले सेवाप्रवाह र विकास निर्माणका कार्यहरु आफै गर्न सक्ने अवस्थाको सिर्जना गर्न संघिय सरकारले अन्तरस्थानिय तह वित्तिय हस्तान्तरण अन्तगत ससर्त अनुदान र वित्तिय समानिकरण अनुदान तथा राजश्व बाडफाड बापतको रकम प्रदान गरेको छ । साबिकक विषयगत मन्त्रालयहरुबाट सम्पादन भैरहेका तर नेपालको संविधानको अनुसूचि ८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानिय तह बाटै सञ्चालन हुने गरि स्रोत उपलब्भ गराइएकोमा सोहि अनुसार बजेट विनियोजन गरेको छु । खासगरि शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिला विकास कार्यक्रम, वन, राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम, वातावरणीय सरसफाई क्षेत्रको प्राप्त ससर्त अनुदान प्राप्त भए बमोजिमको ससर्त अनुदान सहित प्राप्त कार्यक्रमलाई अनुदान साथ प्राप्त मार्गदर्शन र सर्त अनुसार कार्यान्वयन गरिनेछ ।

१३ मुलुकको कूल ग्राहस्थ उत्पादनमा करिब ३३ प्रतिशत योगदान गर्ने र करिब ७० प्रतिशत नेपालीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यावसायिकरण, विविधिकरण र आधुनिकीकरण विना अर्थतन्त्रमा गुणात्म सुधार हुन सकेन । कृषि प्रणालीलाई वैज्ञानिक, व्यावसायिक र वातावरण तथा जलबायु परिबर्तन अनुकुल बनाउदै आर्थिक वृद्धिको दिगो आधार तयार गरिने छ ।

## कृर्षि

गांगादेव गाउँपालिका वाट दिइने कृर्षि क्षेत्रको विकास, कृर्षि तिरको अनुदान, कृर्षि पकेट क्षेत्रको विसतार, गाउँपालिकामा ब्यावसायिक फलफुल तथा कृर्षी उत्पादनमा अनुदान, स्थानमा कृषिमा आधारित उद्योग स्थापना र उद्योग स्थापना गर्न इच्छुक समुह वा सहकारीलाई लागतको आधारमा अनुदान, सहकारीको मान्यता अनुसार गाउँपालिका केन्द्रमा एक विक्री सहकारीको स्थापना साथै उत्कृष्ट कार्य गर्ने कृषि फर्म वा किसानलाई पुरस्कृत लागायतका कृर्षि क्षेत्रका सम्पुर्ण कार्यक्रम तथा विकासको लागी ९० लाख बजेट विनियोजन गरेको छु ।

### पर्यटन, पूर्वाधार

पर्यटकिय स्थलहरुको अध्ययन पहिचान र प्रचार प्रसारको लागि आवश्यक व्यवस्था मिलाइने छ । पर्यटन पुर्वाधार निर्माण, प्रचार प्रसार र पर्यटक अनुकुल सेवा सुविधा विकासमा जोड दिइने छ । युद्ध पर्यटन, पर्यावरण पर्यटन, कृषि पर्यटनका लागि सम्भाव्यता अध्ययन गरिने छ । पर्यटन संग सम्बन्धित आवश्यक वजेट विनियोजित गरेको छु ।

### शिक्षा

विद्यालयका भौतिक संरचना सुधार, विपन्न वर्गका जेहेन्दार बालबालिकाहरुलाई छात्रवृत्ति, गुणस्तरिय पठनपाठनका अतिरिक्त यस आर्थिक वर्षमा विषेश आकर्षणका कार्यक्रमहरु, गाउँपालिका भित्रका सबै मा वि विद्यालयमा प्रविधि मैत्रि शिक्षणको लागी ICT कक्षाको ब्यावस्थापन गरी स्मार्ट लर्निङ, विशेष क्षमता भएका बालबालिकाहरुका लागि विशेष शिक्षा संचालन, गाउँपालिका भित्र ससुल्क कम्प्युटर शिक्षण केन्द्रको ब्यवस्था लगायतका विकास तथा कार्यक्रमको लागी रु ३० लाख रकम विनियोजन गरेको छु ।

### स्वास्थ्य

भित्रका विभिन्न स्वास्थ्य चौकिआधारभुत स्वास्थ्य चौकि तथा बर्थिङ सेन्टरको , अति विपन्न समुदायका नागरिकहरुको स्वास्थ्य सेवा सुनिश्चितता, गाउँपालिका भित्रका विभिन्न वर्थिङ सेन्टरको ब्यवस्थापन, गाउँपालिका भित्र मातृशिशु मृत्युदर घटाउन आवश्यक जनचेतनामुलक कार्यक्रम, जेष्ठ नागरिक तथा अशक्त व्यवक्तीहरुको लागि घरदैलो कार्यक्रम गरी नियमित स्वास्थ्य चेकजाँच, कोभिड१९ रोग -

विरुद्ध रोकथाम तथा नियन्त्रण लगायतका स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रमहरुको लागी रु ३२ लाख रकम विनियोजन गरेको छु ।

## पुर्वाधार विकास

गाउँपालिका भित्रका विभिन्न पुर्वाधार विकास जस्तै खानेपानि, सडक, भवन, पुल, सिचाई, उर्जा, जलाधार संरक्षण जस्ता विभिन्न पुर्वाधार बिकासको निर्माण तथा पुन निर्माणको लागी रु ३ कारोड विनियोजन गरेको छु ।

## महिला विकास

लैगिंक समानता, महिला सशक्तिकरण, लैगिंक मुलप्रवाहिकरण र महिला सहभागिता बृद्धि गरिने छ । लघुउद्यम तथा सिप विकास सम्बन्धि कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र , समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिने छ । जुनसुकै किसिमका महिला हिंसा विरुद्ध कठोर कदम चालिने छ । महिला हिंसाको प्रमुख कारणको रुपमा रहेको अशिक्षा, अभाव, अन्धविश्वास र पछ्यौटेपन हटाउन विशेष अभियानात्मक कार्यक्रम सञ्चालन गरिने छ । सामाजिक मुल्य, मान्यताको संरक्षण एवम सम्बर्धन गरिने छ । बालविवाह गर्ने तथा गराउने दुबैलाई कानुनको कठघरामा उभ्याइने छ । बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप, छुवाछुत एवम अन्य सामाजिक कुरिती अन्त्य गर्न विशेष सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ । लक्षित वर्ग क्षेत्र एवम समुदाय केन्द्रित व्यवसायिक एवम सिपमुलक तालिमहरु संचालन गरि त्यस्ता वर्गको शसक्तिकरण गर्ने निति अवलम्वन गरिने छ लैगिंक समानता तथा सामाजिक समावेशीकरण संग सम्बन्धित उल्लेखित कार्यहरु गर्न रु १५ लाख वजेट विनियोजन गरेको छु ।

## सुचना प्रविधि तथा संचार

सुचना तथा संचार क्षेत्रमा पछाडि परेको यस गाउँपाकिालाई सुचना तथा संचार प्रविधि संग आवद्ध गर्न विशेष पहल गरिने छ । गाउँपालिका क्षेत्र भित्र भइरहेका विभिन्न गतिविधिहरु आम जनतालाई सूचनाको पहुचमा पुर्याउनको लागी, सुचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि, गाउँपालिकाका सम्पुर्ण कार्यलाई सुचना तथा प्रविधिमय बनाउनको लागि कम्प्युटर सफ्टवेर प्रणाली मार्फत डिजिटाइज, सुचना तथा सेवाहरुलाई डिजिटल नागरिक बडापत्र र डिजिटल नोटिस बोर्ड मार्फत आम जनतालाई सूसुचित गर्न तथा सूचना प्रविधिको सम्पुर्ण विकास तथा कार्यक्रमको लागी रु १२ लाख ६५ हजार ९ सय ४० रकम विनियोजन गरेको छु ।

**खेलकुद**

गाउँपालिको खेलकुद ब्यवस्थापन, खेलाडिहरुको क्षमता विकास, खेलकुद विकासको लागी आवश्य श्रोत साधनको ब्यवस्थापन तथा सम्पुर्ण विकासको लागी रु २२ लाख रकम विनियोजन गरेको छु ।

**फोहोरमैला तथा ढल व्यवस्थापन**

फोहोरलाई मोहोरमा रुपान्तरण गर्न आवश्यक निति निर्माण गरिने छ । यस गाउँपालिकाको मूख्य बजारहरुमा ढल व्यवस्थापनको लागि थप पहल गरिने छ । जसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

**जलउत्पन्न प्रकोप नियन्त्रण**

जलउत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिम युक्त स्थानहरुको पहिचान गरि तटबन्धका लागि तारजालिको व्यवस्था गरिने छ । जसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

**संस्थागत विकास , सेवा प्रवाह र सुशासन**

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पेशागत अनुसासन प्रति प्रतिवद्ध, पारदर्शि, भ्रष्टाचार मुक्त, प्रविधियुक्त, जनउत्तरदायि र सहभागितामुलक बनाउदै लगिने छ । भ्रष्टाचार गर्ने र गराउने दुबैलाई दण्डित गर्ने निति अवलम्बन गरिने छ । गाउँपालिका तथा प्रत्येक वडामा सुचना तथा तथ्याङ्क व्यवस्थापनका लागि सुचना तथा अभिलेख व्यवस्थापन केन्द्रलाई व्यवस्थित गरिने छ ।

सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरि कार्यन्वयनमा ल्याइने छ । प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधानलाई कडाइका साथ लागु गरिने छ ।

उत्कृष्ट काम गर्ने जनप्रतिधि र कर्मचारिलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।

जसको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

गाउँपालिकाको पशु स्वास्थ्य सिविर, पशु सेवा तथा औषदि व्यावस्थापन, पशु विमा, पशु स्वास्थ्य सम्बन्धि कार्यक्रम लागायतका सम्पुर्ण गतिविधिको लागी रु २० लाख रकमको विनियोजन गरेको छु ।

गाउँपालिकको सामाजिका सुरक्षा प्रणालि ब्यवस्थापन तथा सामाजिका सुरक्षा तथा ब्यक्तिगत घटना दर्ताको सम्पुर्क गतिविधि तथा कार्यक्रमको लागी रु १ लाख रकम विनियोजन गरेको छ ।

**अध्यक्ष महोदय,**

बजेटको विनियोजन तथा स्रोतको व्यवस्था सम्बन्धि योजना देहायबमोजिम रहेको छ ।

आगामि आर्थिक वर्षको लागि रु ३५८३१५९४० (३५ करोड ८३ लाख १५ हजार ९ सय चालिस ) विनियोजन गरेको छ । कुल विनियोजनमध्ये चालुतर्फ रु ३०६०५०००० ( ३० करोड ६० लाख ५० हजार) अर्थात ८५.४१ प्रतिशत र पुँजीगततर्फ रु ५२२६५९५० (५ करोड २२ लाख ६५ हजार ९ सय पचास ) अर्थात १८.५८ प्रतिशत रहेको छ ।

आगामि आर्थिक वर्षको लागि रु अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरु मध्ये संघिय वित्तिय समानिकरन अनुदानबाट रु ९०८८५००० (९ करोड ८ लाख ८५ हजार) संघिय ससर्त अनुदानबाट रु १७०२००००० (१७ करोड २ लाख ) संघिय राजश्व बाडफाडबाट रु ७१३९६९४० (७ करोड १३ लाख ९६ हजार ९ सय चालिस ) प्रदेश वित्तिय समानिकरण अनुदान रु ५०८५००० (५० लाख ८५ हजार ) प्रदेश राजश्व बाडफाड रु २९८४००० (२९ लाख ८४ हजार ) व्यहोर्ने प्रक्षेपण गरिएको छ ।

**अध्यक्ष महोदय,**

आथिंक वर्ष ०७७।७८ का लागि आन्तरिक राजश्व परिचालन नितिका उद्देश्य निम्नानुसार रहेको छन् ।

- वडा र गाउँपालिका केन्द्रविचमा सहयोग, सहकार्य र समन्वयको वातावरणको वातावरण निर्माण गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम राजश्व परिचालनमा जोड दिने र राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गर्ने ।
- करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधारगरि कर प्रणालीलाई थप प्रगतिशित र समतामुलक बनाउने ।
- आन्तरिक राजश्व परिचालनमा दिगो वृद्धिदर हासिल गरि स्थानिय वित्त प्रणालि लाई सुदृढ तुल्याउन गरि राजश्व प्रणालिमा सुधार गर्ने ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरि मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने,
- कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।

**अध्यक्ष महोदय,**

बजेट छलफलको क्रममा आआफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पुर्ण पदाधिकारी राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, नागरिक समाज तथा सामुदायिक संस्था सबैमा हार्दिक धन्याबाद ज्ञापन गर्दछौ ।

अन्त्यमा गाउँपालिकाको विकास संवृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, करदाता, सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछौ

गाउँपालिका र गाउँपालिकाबासी जनसमुदाय सबैको उज्वल भविष्यको कामना गर्दछौ ।

धन्यवाद !